प्रक्षेपण
राष्ट्रिय दैनिक
www.prakshepandaily.com
वर्ष २४ | अंक १४४ | २०८२ पुस ०४ गते शुक्रबार | 19 December 2025 Friday | नेपाल संवत ११४६ | पृष्ठ ८ | मूल्य : १०/

# कर्णाली जलश्रोत लिमिटेड
## को
## एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना
### प्रथम पटक प्रकाशित मिति :२०८२।०९।०४

**श्री शेयरधनी महानुभावहरु ।**

मिति २०८२ साल मंसिर महिनाको १५ गते बसेको यस कर्णाली जलश्रोत लिमिटेडको सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार यस लिमिटेड कम्पनीको एघारौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णयहरु गर्नको लागि बस्ने भएको हुदाँ संस्थापकहरु तथा शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति समय र स्थान**

सभा हुने मिति : २०८२ साल पौष २७ गते आइतबार ।
सभा हुने समय : दिनको ११ वजे
स्थान : ए-वान क्याफे एण्ड व्याङकेट, शंखमुल, काठमाडौं ।

**छलफल तथा निर्णयका लागि निर्धारीत विषय सूचीहरु :**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८२ अषाढ मसान्तको वासलात र मिति २०८१ श्रावण देखि २०८२ अषाढ मसान्त सम्मको नाफा नोक्सान बाँडफाँड हिसाव, सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरि पारित गर्ने ।
३. आर्थिक वर्ष २०८२/०८३ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४. विविध ।

**(ख) विशेष प्रस्ताव**

(१) कम्पनीको प्राथमिक सार्वजनिक निष्काशन (Initial Public Offering) को कार्य गर्ने तथा नियमक निकायबाट संशोधन गर्ने प्रस्ताव प्राप्त भएमा सोही अनुसार प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सम्वन्धमा ।
(२) प्राथमिक सार्वजनिक निष्काशन (Initial Public Offering) को सम्पुर्ण कार्य गर्न गराउन संचालक समितीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
(३) कम्पनीको वार्षिक साधारण सभाबाट पारित प्रस्तावको सम्वन्धमा प्रवन्धपत्र र नियमावलीमा भएको संशोधन सम्वन्धित निकायहरुबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न संचालक समितीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**(ग) विविध**

१. यस कम्पनीको वार्षिक साधारण सभा सभा सम्वन्धी सम्पुर्ण माईन्युट तथा कागजातहरुमा प्रमाणित गर्न तथा आधिकारिक हस्ताक्षर गर्न अख्तियारी दिने सम्वन्धमा ।
२. आयोजनाको निर्माण तथा व्यवस्थापन कार्य गर्नको लागि संचालक समितीलाई अख्तियारी दिने सम्वन्धमा ।

**सञ्चालक समिति**